# शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं. ३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

हेटौडा, मकवानपुर

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि,२०७५

**प्रस्तावना**ः स्थानीय स्तरमा शित भण्डार सुविधाको अभावले उत्पादित कृषि उपजको समयमा कृषकहरुले लागत मूल्य समेत प्राप्त गर्न नसकेको र पर्याप्त मात्रामा बिक्रि वितरण हुन नसक्दा ठुलो परिमाणमा कृषि उपजहरु खेर जाने गरेकाले त्यस्ता कृषि उपजहरु उच्च उत्पादनको समयमा (Peak Production Season) भण्डारण गर्न तथा उपभोक्ताहरुको माग अनुरुप बिक्रि वितरण हुने अवस्था सिर्जना गर्न शित भण्डार निर्माण गरी सञ्चालनमा ल्याउन आवश्यक भएकोले प्रदेश सरकारको आ. व. २०७५/०७६ को स्वीकृत वार्षिक बजेटमा रहेको "तरकारि फलफूल भण्डारको लागि कोल्ड स्टोर निर्माण" कार्यक्रम अनुसार यस प्रदेश भित्र सरकारी-निजि-सहकारी साझेदारीमा शित भण्डार निर्माण तथा सञ्चालनका लागि आवश्यक भएकाले प्रदेश सरकार(मन्त्रिपरिषद)बाट स्वीकृत गरी यो कार्यविधि जारी गरीएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको शित भण्डार निर्माण तथा सञ्चालन सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र बजेटलाई बुझाउँदछ ।

(ख) **"प्रदेश"** भन्नाले प्रदेश नं. तीन सम्झनु पर्छ ।

(ग) **"भौतिक पुर्वाधार"** भन्नाले शित भण्डार गृहका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार- भवन, बिजुली, पानी, सडक तथा मेशिनरी औजारहरु सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(च) **"शित भण्डार"** भन्नाले विभिन्न कृषिजन्य उपजहरु- बाली, पशुजन्य पदार्थ, माछा, तरकारी, फलफूल आदिको भण्डारणका लागि मल्टि-चेम्बर एन्टिग्रेशनयुक्त प्राविधिक रुपमा उपयुक्त शित भण्डारण गृह सम्झनु पर्छ ।

(छ) **"साझेदार संस्था"** भन्नाले शित भण्डार साझेदारीमा निर्माण गर्न चाहने कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्वन्धित कम्पनी, निजी वा सामुहिक कृषि फर्मलाई सम्झनु पर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

३. **उद्देश्यः** शित भण्डार गृह स्थापना र सञ्चालन मार्फत् उत्पादित कृषि उपजहरुको लागि पर्याप्त भण्डारण सुविधा उपलब्ध गराई उत्पादनोपरान्त क्षति न्यूनिकरण गरी कृषि उपजहरुको उपलब्धता बृद्धि मार्फत कृषकहरुको आय वृद्धि गर्ने तथा स्थानीय स्तरमा रोजगारी सिर्जना गराउनु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

४. **मल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मन्त्रालयमा मूल्याङ्कन समिति रहनेछः-

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मुल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रहरुले आवश्यकता अनुसार गर्न सक्नेछन् । यसरी गरिएको अनुगमन र मुल्याङकनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्वन्धित प्रदेश सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

(३) शित भण्डार निर्माण पश्चात सम्बन्धित नियमनकारी निकायले शित भण्डारको सञ्चालन र उपयोगको सम्बन्धमा आवश्यकतानुसार अनुगमन गरी निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित शित भण्डारको कर्तव्य हुनेछ ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन

६. **कार्यविधी लागु हुने स्थानहरुः** यो कार्यविधि यस प्रदेशमा लागू हुनेछ । स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार सम्भाव्यताका आधारमा शित भण्डार निर्माणको लागि मन्त्रालयले स्थान तोक्नेछ ।

७. **प्रस्ताव आव्हानः** मन्त्रालयले तोकेका स्थानहरुमा शितभण्डार निर्माण र सञ्चालन गर्न इच्छुक साझेदार संस्थाबाट सिलबन्दी प्रस्ताव पेश गर्न एक्काइस दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधि भित्र शितभण्डार निर्माण र सञ्चालन गर्न इच्छुक साझेदार संस्थाले अनुसूचीमा तोकिएका कागजात सहित यस मन्त्रालयमा निवेदन र प्रस्ताव दर्ता गर्नु पर्नेछ। निवेदन र प्रस्तावको ढाँचा अनुसूची -१ र अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **प्रस्तावको जानकारी:** मन्त्रालयले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौता:** (१) छनौट भएका साझेदार संस्थाहरुले शित भण्डार निर्माण र सञ्चालन गर्नका लागि मन्त्रालयले सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग मन्त्रालयले अनुसूची-३ बमोजिम सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आवहान गर्दा प्रस्ताव नपरेमा वा एकमात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुनः पन्ध्र दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सकिनेछ।

१०. **सामाजिक उत्तरदायित्व** :मन्त्रालयबाट अनुदान प्राप्त गर्ने साझेदार संस्थाले कृषि उपज भण्डारण गर्ने आफ्ना भण्डारणकर्ता कृषकहरु मध्ये लक्षित समुदाय (महिला, दलित, जनजाति आदि) का कृषकहरुलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन लाग्ने बिमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्नेछ ।उक्त रकम सिधै सम्बन्धित बिमा कम्पनीलाई पठाईदिनु पर्नेछ । यस सम्बन्धि अन्य व्यवस्था सम्झौतानुसार हुने छ ।

## परिच्छेद– ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. शित भण्डार निर्माण गर्न आवश्यक जग्गा उपलव्ध गराउने जिम्मा साझेदार संस्थाको हुनेछ ।शित भण्डार निर्माण र सञ्चालन गर्ने साझेदार संस्थालाई स्थानीय तहबाट पनि लगानि भएमा सो परियोजनालाई प्राथमिकता दिईनेछ ।

१२. शितभण्डार निर्माण र औजार उपकरणमा कूल लागतको बढीमा सत्तरी प्रतिशत अनुदान उपलब्ध गराइने छ । यसरी उपलब्ध गराईने अनुदान रकम स्वीकृत बार्षिक कार्यक्रम बजेटको परिधिभित्र रही हुनेछ ।

१३. कार्य प्रगति र मन्त्रालयको सुपरिवेक्षणको आधारमा तथा प्राविधिकको सिफारिसमा संस्थाले पेश गरेको रनिङ्ग बिल र अन्तिम बिलको मन्त्रालयले बढीमा तीन किस्तामा भुक्तानि गर्नेछ। यसरी भुक्तानी गर्दा पहिलो किस्ता बिस, दोस्रो किस्ता चालिस र तेस्रो किस्ता चालिस प्रतिशतका दरले भुक्तानी गरिनेछ। बैंक जमानतको आधारमा अनुदान रकमको प्रथम किस्ता बापतको रकम बिस प्रतिशत मोविलाइजेशन पेश्कि उपलब्ध गराउन सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानिका लागि पेश गर्दा शितभण्डार सञ्चालन सम्वन्धी आचार संहिता पेश गरी मन्त्रालयबाट स्वीकृति पाए पश्चात मात्र भुक्तानि गरिनेछ । नेपाल सरकारको नियमानुसार अग्रिम आयकर कट्टा गरिनेछ ।

१४. कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदि आवश्यक कार्यहरुको लागि दुई प्रतिशत कन्टिन्जेन्सी (Contingency) बापत हुन आउने रकम कट्टा गरी साझेदार संस्थालाई भुक्तानी दिइने छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१५. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरीने छ ।

१६. <u>कारबाहीको व्यवस्था</u>:(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई मन्त्रालयले अनुदान रोक्का गर्ने छ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्ता साझेदार संस्थाबाट प्रचलित ऐन नियम बमोजिम कारवाही गरी रकम असुल उपर गरिनेछ ।

१७. <u>संशोधन</u> : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१८ <u>विविध</u>: कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानिय तहहरुद्धारा संचालीत कार्यक्रम कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

१९. <u>वचाउ</u> : यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानुन बमोजीम हुनेछ ।

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७५/    /

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडाको आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि,२०७५ बमोजिम शित भण्डार निर्माण तथा सञ्चालन गर्न इच्छुक (महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका) का कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्वन्धित कम्पनी, निजी वा सामुहिक कृषि फर्मले यो सूचना प्रकाशित भएको मितिले ~~पन्ध्र~~ एकाइस दिन सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

(१) रु.१०।- को हुलाक टिकट टाँस गरेको निवेदन,

(२) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(३) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण-पत्रको प्रमाणित प्रतिलिप,

(४) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र,

(५) प्रस्तावमा शित भण्डारको डिजाइन तथा लागत अनुमान ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -२

(दफा ७ सँग सम्बन्धित)

## प्रस्ताव-पत्र

### क) प्राविधिक प्रस्तावः

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | भ्याट /पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | मन्त्रालयसंग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १४.४ | | |
| १४.५ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | पानीको सुविधा (छ/छैन) | | जगगाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्नेः | | | | | | | |
| | भवन संख्या | | मेशिन संख्या | | सवारी सा. संख्या | | उपकरण संख्या | |
| | किसिम | | किसिम | | किसिम | | किसिम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः |
|---|---|
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| १९ | कृयाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): |
|---|---|
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |
|---|---|---|

| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |
| २४.४ | | |

| २५ | प्रस्तावकसगं विद्यमान जनशक्ति विवरणः | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | |
|---|---|---|
| | | |
| २५.२ | | |
| २५.३ | | |
| २५.४ | | |

| | | |
|---|---|---|
| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | |

**ख) आर्थिक प्रस्तावः**

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य-मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | जम्मा रकम रु. | | | | | | | |
| | VAT रकम रु. | | | | | | | |
| | कुल जम्मा रकम रु. | | | | | | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

उद्योग, पर्यटन तथा वनवातावरणको कार्यालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित शित भण्डार निर्माण तथा सञ्चालन सम्बन्धी मिति .......... गतेको .......... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मन्त्रालयको मिति ..........को निर्णयबाट श्री ............. को प्रस्ताव छनौट भएको हुंदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी शित भण्डार निर्माण तथा सञ्चालन कार्यक्रम सञ्चालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

**तपशिलः**

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित शित भण्डार निर्माण तथा सञ्चालन सम्बन्धी कार्यक्रमको लागी विनियोजित रु. ................... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु .......... कट्टा गरी दोश्रो पक्षलाई रु. ........... (अक्षरुपी...........................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी प्रदेश नं. ३ को ................. महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ....... नं. वडाको ................... भन्ने स्थानमा ......................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा प्रथम पक्षले किस्तावन्दीमा भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधी तथा प्रचलित कानून अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी-बक्यौता सरह असुल उपरको प्रकृया अगाडी बढाउनेछ ।

| <u>दोस्रो पक्षको तर्फबाटः</u> | <u>प्रथम पक्षको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।